मिति: २०८०।०२।२९ , बैठक संख्या - १७

आज मिति २०८०।०२।२९ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को सत्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ………………………………………........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ………………………………………........................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ………………………………………........................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ………………………………………....................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ......………………………………................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………….....................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………….................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………..................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ………………………………………...................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………….................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ………………………………..............................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ………………………………………...................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई………………………..………………......................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया …………………………..….......................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा...................................................................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ………………………………………......................

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान.......................................................................................................

१८.कार्यालय सहयोगी श्री बजेन्द्र पुरी................................................................................................

मिति: २०८०।०२।२९ , बैठक संख्या - १७

**प्रस्तावहरु:-**

१. लेटरप्याडमा मोबाइल नम्बर सम्बन्धमा।

२. सहकारी समुह छनौट सम्बन्धमा।

३. लम्पी स्किन रोग सम्बन्धमा।

४. म्याद थप सम्बन्धमा।

मिति: २०८०।०२।२९ , बैठक संख्या - १७

**निर्णय नं. १**

प्राविधिक त्रुटीको कारणले हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको लेटरप्याडमा उपाध्यक्ष ज्यु मोबाइल नं. हट्न गएको अब उप्रान्त गाउँपालिकाको लेटरप्याडमा अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु तथा प्रमुख प्रशासकीय अधिकृत ज्युको मोबाइल नम्बर राख्ने सर्वसहमत पारित गरियो।

**निर्णय नं. २.**

क. पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरूका विपन्न सदस्यहरूको आयआर्जन अनुदान कार्यक्रम शिर्षकमा विनियोजित बजेट रु. ६,००,०००/- र पोषण संवेदनशील वजेट शिर्षकमा विनियोजित जम्मा रकम रु.४,५०,०००/- बाट रु. २५,०००/- गरी जम्मा रु. ६,२५,०००/- रकम तपसिलको महिला सहकारी संस्थालाइ प्रस्तावना स्वीकृत गरी अनुदान रकम प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

१. सृजनशील उद्यमी वृहत कृषक महिला समुह, हिलिहाङ-२, सिंहपुर, पाँचथर।

**निर्णय नं. ३.**

वर्तमान समयमा हिलिहाङ गाउँपालिका भित्र महामारीको रूपमा फैलिएको गाई भैसीहरूमा लाग्ने लम्पी स्किन रोग (LSD) रोकथाम तथा नियन्त्रणको लागि प्राविधिक लगत अनुमानका आधारमा प्रकोप व्यवस्थापन कोषबाट रु. १०,००,०००/- (अक्षेरेपि दश लाख रुपैयाँ) बराबरको औषधी खरीद गरी वडामा आवश्यकता अनुसार वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४.**

हिलिहाङ गाउँपालिकाको चालू आ.व. २०७९/०८० को ठेक्का नं. HRM/SQ/WORKS/079/080/06/01 र HRM/SQ/WORKS/079/080/06/03 Upgrading and track open of hilihang-07, Upgrading and tack open of hilihang-03 र Upgrading and track open of hilihang -05 को सम्झौता २०८०/०२/१५ गते समाप्त भएको र L.S. SHIVA SHAKTI NIRMAN SEWA का प्रोप्राइटरले म्याद थपको निवेदन दर्ता गरेको हुनाले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम ३ बमोजिम आगामी २०८० असार १५ गते सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।